लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक बिकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका। देउखुरी। नेपाल

मिति : २०८०/०४/१७

**विषयः सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस निर्देशनालयको यस आ.व. २०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार लुम्विनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गरेको आधारमा **सामुदायिक क्याम्पसहरुको पुर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रमका** लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुले कार्यक्रमको बिस्तृत विवरण र कार्यान्वयन योजना सहित सञ्चालक समितिको निर्णय समेत संलग्न गरि निम्न ढाँचामा रहि सूचना प्रकाशित भएको ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नु हुन जानकारी गराइन्छ । म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. क्याम्पसहरुको सङ्क्षिप्त पृष्ठभूमि सहितको निम्न लिखित विवरण संलग्न भएको क्याम्पस सुधार योजना
   क) क्याम्पसको सङ्क्षिप्त चिनारी
   ख) भौतिक अवस्था, क्षेत्रफल, भवन संख्या, कक्षा कोठा संख्या, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान, कम्पाउण्ड वाल, पुस्तकालय, प्रयोगशाला, विद्यार्थी परिवहन साधन, अन्य
   ग) क्याम्पस व्यवस्थापन सम्बन्धी अवस्थाः सञ्चालक समिति/विषयगत समिति/अन्य समिति
   घ) विद्यार्थी सङ्ख्याः संकायगत र तहगत (दलित/मुस्लिम/अल्पसङ्ख्यक जनजातिको विवरण)
   ङ) पूर्णकालिन तथा आंशिक शिक्षकहरुको विवरण
   च) गत विगत तीन आ.व. मा प्रदेश सरकारबाट उपलब्ध गराइएको अनुदान/सहयोग/ भए सोको वास्तविक प्रगति र प्रतिफल सम्बन्धी विवरण

| कार्यक्रमको नाम | प्रदेश सरकारबाट उपलब्ध रकम | प्रगति | प्रतिफल (Output) | कैफियत |
|---|---|---|---|---|
| कक्षाकोठा निर्माण | | | | |
| शौचालय | | | | |
| कम्पाउण्ड वाल | | | | |
| ई. पुस्तकालय | | | | |
| प्रयोगशाला | | | | |
| फर्निचर | | | | |
| अन्य | | | | |

२. प्रस्तावनाको उदेश्य

३. प्रस्तावनामा माग गरेको कार्यक्रमः कक्षा कोठा निर्माण/ अधुरो भवन निर्माण/ भवन मर्मत/ प्रयोगशाला/ पुस्तकालय/ कम्पाण्ड वाल / शौचालय/ खानेपानी/ अन्य के हो खुलाउने।

नि. निर्देशक

४. कार्य योजना

५. अनुमानित लागत

६. स्रोत व्यवस्थापन

७. विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चितता तथा गुणस्तर अभिवृद्धिका लागि कार्य योजना

८. अपेक्षित उपलब्धी

९. अपेक्षित प्रतिफल सूचक

१०. जोखिम

११. निष्कर्ष

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु**

क) क्याम्पस सञ्चालक समितिको निर्णय,

ख) लेखा परीक्षण प्रतिवेदन,

ग) पूर्णकालिन शिक्षकको नियुक्तिको छाँयाप्रति,

घ) क्याम्पसको जग्गाको लालपुर्जा वा भोगाधिकार पाएको भए सो सम्बन्धी पत्र।

.....................................

(यमबहादुर के.सी.)

नि.निर्देशक

**बोधार्थ**

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)** उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गरिदिनु हुन अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके :** उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गर्नुका साथै विधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन।